School Code: 300260005

# श्री सुन्दरी माध्यमिक विद्यालय
## Shree Sundari Secondary School

सिद्धलेक–६, ईर्जु, धादिङ
Siddhalek-6, Irju, Dhading
स्थापित: २०२५ / Estd.:2025

पत्र संख्या / Ref. No.: २०८३/०८४
चलानी नं. / Dispatch No.: ११
मिति / Date : २०८३/०६/२०

श्री तोकिएको योग्यता प्राप्त गरेका इच्छुक स्थायी शिक्षकहरु ।

विषयः स्थायी शिक्षक सरुवाका लागि दरखास्त आह्वान सम्बन्धमा ।

प्रस्तुत विषयको सम्बन्धमा यस विद्यालयमा रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा एक स्थायी शिक्षक सरुवा प्रक्रियाद्वारा पदस्थापन गराउनुपर्ने भएकोले विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०६/१५ गतेको निर्णय तथा सिद्धलेक गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा, बुङचुङ, धादिङको चलानी नम्बर ५१५ मिति २०८३/ ०६/ २० गतेको अनुमति पत्र अनुसार शिक्षक सरुवाका लागि विज्ञापन भएको मिति देखि १५ दिन भित्रमा रीतपूर्वकको दरखास्त आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिलः

१. दरखास्त साथ पेस गर्नुपर्ने कागजातहरुः
   - सरुवाको लागि निवेदन, नागरिकताको प्रतिलिपि, सम्बन्धित तहको स्थायी/अस्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि, आफ्नो सेवा अवधी खुल्ने कागजात ।
   - शैक्षिक योग्यता तथा तालिमका प्रमाण पत्रहरुको प्रतिलिपि ।
   - हाजिरी भएको पत्र, विद्यालय र स्थानीय तहको सहमति पत्र तथा अन्तर जिल्ला भए एकाइको सहमति पत्र ।
   - असाधारण तथा बेतलबी बिदा लिए/नलिएको सम्बन्धित कागजात ।
   - शिक्षा नियमावली, २०५९ (दशौं संशोधन, २०८३) बमोजिम प्राथमिकता दावी गर्ने प्रमाण र कागजात (आवश्यक परेको खण्डमा)
   - शिक्षा नियमावली, २०५९ को अनुसूची १७ बमोजिमको फारम ।

२. दरखास्त दिने म्यादः २०८३/०६/२० गते देखि २०८३/०७/ ०३ सम्म (१५ दिन) ।
३. तोकिएको मापदण्ड वा कागजात नपुगेमा दरखास्त स्वतः बदर हुनेछ ।
४. दरखास्त विद्यालयको इमेल ठेगाना sundari202509@gmail.com मा पनि पठाउन सकिने छ ।
५. दरखास्त सम्बन्धमा कुनै सोधपुछ गर्नु परेमा सम्पर्क नं.हरु ९८५११८८८७४(प्रअ), ९८४१६४१९४७(वडाध्यक्ष), ९८४३७७४९४७(शिक्षा अधिकृत)

बोधार्थः

१. श्री शिक्षा विकास तथा समन्वय एकाइ, धादिङ । (जानकारी तथा वेभसाइटमा प्रकाशनका लागि)
२. श्री शिक्षा, युवा तथा खेलकुद शाखा, सिद्धलेक गाउँपालिका । (जानकारी तथा वेभसाइटमा प्रकाशनका लागि)
३. सिद्धलेक गाउँपालिका वडा नं. ६ को कार्यालय, धादिङ । (जानकारीका लागि)

Pandey
.............................
(टिकादत्त पाण्डे)
प्रधानाध्यापक
टिकादत्त पाण्डे
प्रधानाध्यापक

Scanned with CamScanner